# नागरिक लगानी कोष

केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौँ

## खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति सम्बन्धी सूचना

**प्रकाशन मिति २०८२।०१।०५**

लोक सेवा आयोगको सहमति अनुसार नागरिक लगानी कोषमा रिक्त रहेका देहाय बमोजिमका पदहरूमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसिल बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्र तथा शैक्षिक योग्यता लगायत यस सूचनामा उल्लिखित अन्य कागजात तथा प्रमाणपत्रका प्रतिलिपिहरू समेत संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन र दोब्बर दस्तुर तिरी थप ७ (सात) दिनभित्र कोषको वेबसाइट www.nlk.org.np को career भित्र गई वा सोझै http://vacancy.nlk.org.np मार्फत तोकेको दरखास्त फाराम भरी connect IPS वा Esewa मार्फत लक्ष्मी बैंक लि. नयाँ बानेश्वरस्थित खाता नं. ०१२११०३४१४१ मा तोकिएको दस्तुर जम्मा गरी अनलाइन दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विज्ञापित पदहरूको पाठ्यक्रम कोषको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ। विदेशी विश्वविद्यालयबाट शैक्षिक योग्यता हासिल गरेका आवेदकले आधिकारिक निकायबाट जारी भएको समकक्षताको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ। रीत नपुगी, म्याद नाघी वा दरखास्त साथ अनिवार्य रूपमा संलग्न गर्नुपर्ने कागजातहरू संलग्न नभई पेश हुन आएका दरखास्त उपर कुनै कारबाही हुने छैन। **लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।**

| विज्ञापन नं. | पद | तह | सेवा | कुल माग सङ्ख्या | खुला | समावेशी समूहतर्फ | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आदिवासी जनजाति | मधेशी |
| १३/२०८१-८२ | सहायक अधिकृत | छैटौँ | प्रशासन | ५ (पाच) | ३ (तीन) | - | १ (एक) | १ (एक) |
| १४/२०८१-८२ | वरिष्ठ सहायक | पाँचौँ | प्रशासन | ४ (चार) | ३ (तीन) | १ (एक) | - | - |
| १५/२०८१-८२ | वरिष्ठ कम्प्युटर अपरेटर | पाँचौँ | प्राविधिक | १ (एक) | - | - | १ (एक) | - |
| १६/२०८१-८२ | सहायक | चौथो | प्रशासन | ७ (सात) | ४ (चार) | १ (एक) | १ (एक) | १ (एक) |

**विज्ञापन सम्बन्धी विशेष सूचना**:

सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतका उत्प्रेषणका निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आ.व. २०७९/०८० मा समावेश नगरिएबाट वास्तविक रूपमा गुम्न गएका पदहरू समेत समेटी हुन गएको क्षतिको समेत पूर्ति हुनेगरी कानूनमा व्यवस्था भए बमोजिम गर्ने गरी पदपूर्ति गरिनेछ।

क) **उमेरको हद (दरखास्त दिने अन्तिम मिति सम्म)** : सहायक स्तरको पदमा अठार वर्ष उमेर पूरा भएको र पैंतीस वर्ष ननाघेको। अधिकृत स्तरको पदमा एक्काइस वर्ष उमेर पूरा भएको र पैंतीस वर्ष ननाघेको। महिला र अपाङ्गता भएको उम्मेदवारका लागि चालीस वर्ष ननाघेको। कोषमा कार्यरत स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्नेछैन।

ख) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम तथा समावेशी प्रमाणपत्र प्राप्त गर्ने प्रयोजनका लागि गणना गरिनेछैन।

ग) उम्मेदवार हुन भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सरकारी वा कुनै सङ्गठित संस्थाको नोकरीबाट हटाइएको, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र गैरनेपाली नागरिक हुनुहुँदैन।

घ) विज्ञापन अनुसार प्रत्येक पदका लागि दरखास्त फाराम छुट्टाछुट्टै भर्नुपर्नेछ।

ङ) म्याद नाघी वा रीत नपुगी प्राप्त भएका दरखास्त उपर कुनै कारबाही गरिनेछैन।

च) **सेवाको प्रकार** : स्थायी

छ) **परीक्षाको किसिम** : वि.नं. १३ को लिखित परीक्षा, प्रस्तुतीकरण र अन्तर्वार्ता। वि.नं. १४ र १६ को लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता। वि.नं. १५ को लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुनेछ।

ज) **परीक्षा दस्तुर** : अधिकृत स्तर, छैटौं तहका लागि रु.१,०००।- र सहायक स्तर तर्फको पदका लागि रु.६००।- रहेको छ। एक उम्मेदवारले एकै पदको खुला तथा समावेशी समूहमा सहभागी हुने भएमा प्रत्येक समूहका लागि थप २५ प्रतिशत दस्तुर लाग्नेछ।

झ) **तलब तथा सुविधा** : कोषको नियमानुसार।

ञ) **परीक्षा हुने मिति** : लोक सेवा आयोगबाट परीक्षा कार्यक्रम निर्धारण भए पश्चात् आयोग र कोषको वेबसाइटमा प्रकाशित गरिनेछ।

ट) **परीक्षण काल**: परीक्षण काल कोषको नियमानुसार रहनेछ।

ठ) **काम गर्नुपर्ने स्थान** : काठमाडौँ र काठमाडौँ उपत्यका बाहिरका कोषका शाखा कार्यालयहरू।

ड) **आवश्यक न्यूनतम शैक्षिक योग्यता** :

१) सहायक अधिकृत, छैटौं तह, प्रशासनका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक सहित चार्टर्ड एकाउन्टेन्ट (सीए) कोर्ष उत्तीर्ण गरी सम्बन्धित निकायबाट व्यावसायिक प्रमाणपत्र लिएको वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

२) वरिष्ठ सहायक, पाँचौं तह, प्रशासनका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ।

३) वरिष्ठ कम्प्युटर अपरेटर, पाँचौं तह, प्राविधिकका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट कम्प्युटर वा सूचना प्रविधि विषय लिई स्नातक वा सो सरह उत्तीर्ण वा कम्प्युटर इन्जिनियरिङमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ।

४) सहायक, चौथो तह, प्रशासनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नुपर्ने थप कागजातहरु** :

**समावेशी तर्फका उम्मेदवारहरूले देहाय बमोजिमका कागजातहरू समेत पेश गर्नुपर्नेछ।**

क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिको हकमा सोही ऐनको सूचीका आधारमा, तर आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थर भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

(ख) मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

(ग) अपाङ्गका हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचय पत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचय पत्र।

**सदस्य सचिव**

**पदपूर्ति समिति**